# घरेलु पुनःप्रशोधन योग्य वस्तु र फोहोर छुट्टयाउने गाइडबुक

## संरक्षित संस्करण

## विसर्जनका आधारभूत नियमहरू

### छुट्टयाएर

**फोहोर भनेको "कागज, लुगाहरु आदि", "प्लास्टिकका कन्टेनर", "पुनःप्रशोधन योग्य फोहोर (काँचका बोतलहरू, खाली क्यानहरू, PET बोतलहरू)" "खतरनाक/हानिकारक फोहोर", "जलाउन सकिने फोहोर" र "जलाउन नसकिने फोहोर" गरी कृपया राम्रो सँग छुट्टयाउनुहोस्।**

राम्रोसँग छुट्टयाऔं र "जलाउन सकिने फोहोर" र "जलाउन नसकिने फोहोर" लाई कम गर्ने प्रयास गरौं।

### शहर द्वारा निर्धारित झोला

**शहर द्वारा निर्धारित झोला तीन प्रकारका छन्, ठूला, मध्यम र साना। कृपया फोहोरको मात्रा अनुसार प्रयोग गर्नुहोस्।**

फोहोरको मात्रा थोरै भएमा मात्र शहरद्वारा निर्धारित झोलाको सट्टा पारदर्शी वा अर्ध पारदर्शी झोला (20 लिटरभन्दा कमको सानो झोला) प्रयोग गरे पनि सङ्कलन गरिनेछ।

### सङ्कलन गरिने दिन

**सङ्कलन गरिने दिन क्षेत्र अनुसार फरक हुन्छ। "घरेलु पुनःप्रशोधन योग्य वस्तु र फोहोर सङ्कलन क्यालेन्डर" अवश्य जाँच गर्नुहोस्।**

※"घरेलु पुनःप्रशोधन योग्य वस्तु र फोहोर सङ्कलन क्यालेन्डर" नगरपालिकाको कार्यालय, शाखा कार्यालय, नागरिक सेवा केन्द्रहरू, आदिका काउन्टरहरूमा वितरण गरिएको छ। तपाईंले यसलाई शहरको वेबसाइट र स्मार्टफोन एप "सान्आ-रू" मा पनि हेर्न सक्नुहुन्छ। (पृष्ठ 16 हेर्नुहोस्)

### बिहान 8 बजे सम्म

**कृपया सङ्कलन गरिने दिनको बिहान सबेरै देखि बिहान 8 बजे सम्ममा फाल्नुहोस्।**

"पुनःप्रशोधन योग्य फोहोर" फाल्ने दिनमा काँचका बोतल, खतरनाक / हानिकारक फोहोर, खाली क्यान र PET बोतलहरू वर्गीकरण अनुसार अलग-अलग सङ्कलन गरिन्छ।

कुनै किसिमको फोहोर सङ्कलन गर्न बाँकी भएपनि एकचोटी सङ्कलन भइसकेका वस्तुहरू फेरी सङ्कलन गरिँदैन।

### तोकिएको ठाउँमा

**काममा आवतजावत आदि गर्दा, तोकिएको फोहोर सङ्कलन स्थान बाहेक अन्य ठाउँमा नफाल्नुहोस्।**

### फाल्न सकिने मात्रा

**एक पटकमा 20 किलोसम्म फोहोर सङ्कलन स्थलमा फाल्न सकिन्छ।**

घर सार्दा वा ठूलो सरसफाई आदि गर्दा यदि एकै पटक ठूलो मात्रामा फोहोर फाल्न आवश्यक भए नगरपालिकाको फोहोर डिस्पोजल प्लान्टमा ल्याउनुहोस्। (पृष्ठ 8 हेर्नुहोस्)

अनि, फोहोर सङ्कलन स्थानमा फाल्न सकिने फोहोरको साइज शहरद्वारा निर्धारित झोला (ठूलो: 45 लिटर) अट्ने सम्म हुन्छ।

नअट्ने साइजको फोहोरलाई "अत्यधिक ठूलो फोहोर" रूपमा व्यवस्थापन गर्नुपर्छ। (पृष्ठ 8 हेर्नुहोस्)

### सावधान!

फोहोर सङ्कलन स्थानमा घरायसी फोहोर मात्र फाल्न सकिन्छ।

कार्यालय, पसल, रेस्टुरेन्ट र कृषि जस्ता व्यवसायिक गतिविधिबाट उत्पन्न हुने फोहोर फाल्न पाइँदैन।

व्यवसाय-सम्बन्धित फोहोरलाई कानुनी रूपमा इजाजतपत्र प्राप्त फोहोर व्यवस्थापन कम्पनीलाई अनुरोध गरेर तपाईंको आफ्नै जिम्मेवारीमा उचित व्यवस्थापन गर्नुहोस्।

○ फोहोरको फाल्ने सही तरिका बारे ताजा जानकारीको लागि कृपया शहरको वेबसाइट जाँच गर्नुहोस्।

MAEBASHI SDGs

फोहोर सङ्कलन गर्ने स्थान त्यस क्षेत्रका सबै जना मिलेर व्यवस्थापन गर्ने ठाउँ हो।
यसलाई प्रयोग गर्ने सबैको सहकार्यमा सफा गर्ने ठाउँ हो।




「TONTON（とんとん）のまち前橋」
マスコットキャラクター

**सन् 2022 साल, सेप्टेम्बर माएबाशी शहर वातावरण विभाग फोहोर न्यूनीकरण शाखा**

फोन: 027-898-6272 (सिधा) फ्याक्स: 027-223-8524

कागज, लुगाहरु आदि। पृष्ठ 2
प्लास्टिक कन्टेनर पृष्ठ 3
पुनःप्रशोधन योग्य फोहोर खतरनाक / हानिकारक फोहोर पृष्ठ 4-5
जलाउन सकिने फोहोर पृष्ठ 6
जलाउन नसकिने फोहोर पृष्ठ 7
फोहोर सङ्कलन स्थानमा फाल्न नसकिने फोहोर पृष्ठ 8
माएबाशी शहरले लिन नसक्ने फोहोर पृष्ठ 9
घरायसी कम्प्युटर व्यवस्थापन गर्ने तरिका पृष्ठ 10
मुल्यवान वस्तुहरू सामूहिक सङ्कलन पृष्ठ 10
पुनःप्रयोग योग्य वस्तुहरुको सङ्कलन केन्द्र पृष्ठ 10
सङ्कलन स्थानको सूची पृष्ठ 11
फोहोर छुट्टयाउने तरिका जापानी वर्णमालाको क्रममा पृष्ठ 12-14
विज्ञापन पृष्ठ 15
कोन्नेचिवा सङ्कलन पृष्ठ 16
फोहोर छुट्याउने एप वितरण पृष्ठ 16
फोहोर डिस्पोजल प्लान्टको जानकारी पृष्ठ 16

कागज, लुगाहरु आदि। पृष्ठ 2
प्लास्टिक कन्टेनर पृष्ठ 3
पुन:प्रशोधन योग्य फोहोर खतरनाक / हानिकारक फोहोर पृष्ठ 4-5
जलाउन सकिने फोहोर पृष्ठ 6
जलाउन नसकिने फोहोर पृष्ठ 7
फोहोर सङ्कलन स्थानमा फाल्न नसकिने फोहोर पृष्ठ 8
माएबाशी शहरले लिन नसक्ने फोहोर पृष्ठ 9
घरायसी कम्प्युटर व्यवस्थापन गर्ने तरिका पृष्ठ 10
मुल्यवान वस्तुहरू सामूहिक सङ्कलन पृष्ठ 10
पुन:प्रयोग योग्य वस्तुहरुको सङ्कलन केन्द्र पृष्ठ 10
सङ्कलन स्थानको सूची पृष्ठ 11
फोहोर छुट्याउने तरिका जापानी वर्णमालाको क्रममा पृष्ठ 12-14
विज्ञापन पृष्ठ 15
कोन्निचिवा सङ्कलन पृष्ठ 16
फोहोर छुट्याउने एप वितरण पृष्ठ 16
फोहोर डिस्पोजल प्लान्टको जानकारी पृष्ठ 16

# 1 कागज, लुगाहरु आदि फाल्ने तरिका।(फोहोर सङ्कलन स्थानमा फाल्न सकिने फोहोर)

## कागज — पानी परेको दिनमा पनि फाल्न सकिन्छ

**कृपया प्रत्येकलाई त्यसको प्रकारअनुसार फोल्ड गरेर बाँध्नुहोस्। (बक्सकै रूपमा नफाल्नुहोस्।)**



### पत्रिका

पत्रिकामा घुसाएर आएका पर्चाहरू पत्रिकासँगै बाँध्नुहोस्।



### कार्टुन

लहर आकारको खण्ड भएको




### म्यागजिन

साप्ताहिक पत्रिकाहरू, माङ्गा पुस्तकहरू, पुस्तकहरू, पाठ्यपुस्तकहरू आदिलाई एकै प्रकारको मात्र सकिन्छ।



### पेपर प्याक

भित्री भाग धुनुहोस् र खोलेर सुकाउनुहोस्




※ फेल्टबाट बनेका झोलाहरूलाई अनुमति छैन।

### विविध पुरानो कागज

पम्प्लेट, स्रेडरमा प्रशोधन टुक्रा कागज, कागजका बक्स र खाम, प्याकेजिङ पेपर, नोट पेपर,ट्वाइलेट पेपरको भित्रि रिङ
※ कागजको झोला, पारदर्शी वा अर्ध पारदर्शी झोलामा जम्मा गरेर बाँध्नुहोस्।

दुर्गन्धित वा विशेष रूपमा प्रशोधित कागजलाई "जलाउन सकिने फोहोर" मा फाल्नुहोस्।

**उदाहरण**
**गन्ध हटाउन नसकिने कागज** (अगरबत्ती, साबुनको खाली बक्स आदि)
**वाटरप्रूफ प्रशोधित** (पेपर कप, पेपर प्लेट, आदि)/ कार्बन पेपर (कुरियरको डेलिभरी ट्याग, रसिद आदि)
**थर्मल पेपर** (रसीदहरू, फ्याक्स पेपर, आदि) / **फोटोहरू / एल्बमहरू / टाँस्ने पोस्टकार्डहरू**

## लुगाहरु आदि — पानी परेको दिन वा वर्षाको पूर्वानुमान गरिएको दिनहरूमा फाल्न सकिँदैन

लुगा धोए पछि पारदर्शी वा अर्ध पारदर्शी प्लास्टिकको झोलामा राखेर फाल्नुहोस्।
कृपया बटन वा जिपरहरू नहटाएर यत्तिकै फाल्नुहोस्।
भिजेका वस्तु, फोहोर / दुर्गन्ध अत्यधिक भएको वस्तुहरूलाई "जलाउन सकिने फोहोर" मा फाल्नुहोस्।

### फाल्न सकिने वस्तुहरू



**<लुगाहरू>**
लगभग सबै लुगाहरू "पुरानो लुगा" अन्तर्गत पर्दछन्।
अत्यधिक फोहोर भएको वस्तुहरू वा दुर्गन्ध भएका वस्तुहरू बाहेक अन्य वस्तुहरूलाई "लुगाहरू" को रूपमा फाल्नुहोस्।





**<सजावटका सामान>**
जुत्ता / स्निकर (बायाँ र दायाँ जोडा भएको)
बेल्ट, टोपी, स्कार्फ, टाई, मफलर
झोला / ब्याग
※ एक-एक जोडीलाई प्लास्टिकको झोलामा राख्नुहोस् वा दायाँ र बायाँलाई जुत्ताको तुनाले बाँधेर झोलामा राख्नुहोस्।





**<कपडा आदि>**
तौलिया, रुमाल, भरिएको खेलौना
पर्दा (लेस सहित), तन्नाहरू, कम्बलहरू

### फाल्न नमिल्ने वस्तुहरू

हान्तेन र दोटेरा (जापानी लुगा)

जुत्ता, चप्पल, स्यान्डल
बुट, कपडाको जुत्ता (स्कुल आदि भित्र लगाइने)
सुटकेस, विद्यार्थी झोला, रान्दोसेरु (स्कूलको झोला)

सिरक डसनाहरु (म्याट्रेस / कोताचु फुतोन समेत)
सिरानी, कार्पेट, रगहरु
घरपालुवा जनावरहरूका लागि प्रयोग गरिएका वस्तुहरू, मूल कपडा (फ्याब्रिक)

**के यो पनि पुन:प्रयोग गर्न सकिन्छ? स्पष्ट नभएमा**

लुगाहरू सङ्कलन गरिसकेपछि, तिनीहरूलाई प्रयोग गरिएको लुगाको रूपमा विदेशमा निर्यात गर्ने र फोहोर कपडाहरू (औद्योगिक पुछ्ने कपडाहरू) र गाडीहरूको भित्री सामग्रीको रूपमा प्रयोग हुने गरी छुट्याइन्छ।
अर्को व्यक्तिलाई बेच्ने वा सेकेन्ड ह्यान्ड पसलमा बेच्ने बेलामा भन्दा निर्णय गर्ने मापदण्डहरू धेरै फरक छन्। **यदि स्पष्ट नभएमा, "जलाउन सकिने फोहोर" को सट्टा "कागज, लुगाहरु आदि" मा फाल्नुहोस्!!**

कागज, लुगाहरु आदिलाई मुल्यवान वस्तुहरूको सामुहिक सङ्कलन वा रिसाइकल गोदाममा फाल्न सकिन्छ। → **पृष्ठ 10 र 11**
लुगाहरु आदिको झोलामा कागज नराख्नुहोस्।

# 2 प्लास्टिक कन्टेनरहरू फाल्ने तरिका (फोहोर सङ्कलन स्थानहरूमा फाल्न सकिने फोहोर)

## प्लास्टिक कन्टेनर (प्लास्टिक बाट बनेको कन्टेनर र प्याकेजिङ)



शहरद्वारा निर्धारित झोलामा राख्नुहोस्

**यो प्लास्टिक (पुरा) चिन्हलाई गाइडको रूपमा प्रयोग गरेर फोहोर छुट्याउनुहोस्।**

### प्लास्टिक कन्टेनर भनेको के हो?

सामान राख्ने वा प्याकेजिङ गर्ने वस्तु हो, भित्र राखिएको सामान प्रयोग गरेपछि, निकाले पछि काम नलाग्ने प्लास्टिक वा पोलेथिन बाट बनेको कन्टेनर प्याकेजिङ।





### कप र ट्रेहरू

दही, जेली, ताजा खानेकुरा साइड डिश, आदिको कन्टेनर।





### प्याकहरू

कन्टेनरहरू जस्तै अण्डा र खाजाको कन्टेनर वा रिफिल प्याक



### बोतलहरू

स्याम्पु, डिटर्जेन्ट, कस्मेटिक सामान आदिको कन्टेनर।





### झोलाहरू

पोलेथिन झोला, खाजा, खाना आदिको प्याकेज।



### जाली / नेटहरू

फलफूल, तरकारी, इत्यादि र्‍याप गर्ने जालीहरू।



### स्टायरोफोम (थर्मोकोल)

ताजा खानेकुराहरू चिसो राख्ने र वस्तुहरू भण्डारण गर्ने कन्टेनर वा सामान प्याकेजिङका लागि प्रयोग गरिएका वस्तुहरू आदि



### प्लास्टिकबाट बनेको बिर्को

PET बोतल, काँचको बोतल आदिको बिर्को।



### औषधिको कन्टेनरहरू



### फाल्न नमिल्ने वस्तुहरू

बाल्टिन, अकसेसरी केस, टूथब्रश टपरवेयर, लंच बक्स, आदि "जलाउन सकिने फोहोर" हो

## सावधान

- कृपया फोहोर वस्तुहरूलाई आँखाले देखिने फोहोर नगए सम्म मात्र भएपनि हल्का धोएर फोहोरमा फाल्नुहोस्। तर, धैरै फोहोर भएका वस्तुहरू वा भित्री भाग धुन नसकिने ट्यूब जस्ता वस्तुहरू "जलाउन सकिने फोहोर" को रूपमा फाल्नुहोस्।
- जाली, नेटहरू र स्टाइरोफोम (थर्मोकोल) जस्ता केही वस्तुहरूमा प्लास्टिकको चिन्ह हुँदैनन् सामान राखिएका, प्याकेजिङ गरिएका वस्तुहरू “प्लास्टिक कन्टेनर” मा फाल्नुहोस्।
- प्लास्टिक प्रकार अनुसार छुट्याउन आवश्यक छैन।
- शहरद्वारा निर्धारित झोलामा नमिल्ने ठूला स्टाइरोफोम (थर्मोकोल) लाई तारले बाँधेर फाल्न सकिन्छ।
- प्लास्टिकबाट बनेका कन्टेनर र प्याकेजिङहरू, भित्रका सामानहरू (उत्पादनहरू) बाहिर निकालेपछि फोहोरमा परिणत हुने “प्रयोग गर्ने अनि फाल्ने” प्याकेजिङ हुन्। प्लास्टिकबाट बनेको भए पनि बारम्बार प्रयोग हुने उत्पादनहरूलाई "जलाउन सकिने फोहोर" को रूपमा वर्गीकृत गरिन्छ।




कागज, लुगाहरु आदि। पृष्ठ 2
प्लास्टिक कन्टेनर पृष्ठ 3
पुनःप्रशोधन योग्य फोहोर खतरनाक / हानिकारक फोहोर पृष्ठ 4-5
जलाउन सकिने फोहोर पृष्ठ 6
जलाउन नसकिने फोहोर पृष्ठ 7
फोहोर सङ्कलन स्थानमा फाल्न नसकिने फोहोर पृष्ठ 8
माएबाशी शहरले लिन नसक्ने फोहोर पृष्ठ 9
घरायसी कम्प्युटर व्यवस्थापन गर्ने तरिका पृष्ठ 10
मुल्यवान वस्तुहरू सामूहिक सङ्कलन पृष्ठ 10
पुनःप्रयोग योग्य वस्तुहरुको सङ्कलन केन्द्र पृष्ठ 10
सङ्कलन स्थानको सूची पृष्ठ 11
फोहोर छुट्याउने तरिका जापानी वर्णमालाको क्रममा पृष्ठ 12-14
विज्ञापन पृष्ठ 15
कोन्निचिवा सङ्कलन पृष्ठ 16
फोहोर छुट्याउने एप वितरण पृष्ठ 16
फोहोर डिस्पोजल प्लान्टको जानकारी पृष्ठ 16

कागज, लुगाहरु आदि। पृष्ठ 2
प्लास्टिक कन्टेनर पृष्ठ 3
पुनःप्रशोधन योग्य फोहोर खतरनाक / हानिकारक फोहोर पृष्ठ 4-5
जलाउन सकिने फोहोर पृष्ठ 6
जलाउन नसकिने फोहोर पृष्ठ 7
फोहोर सङ्कलन स्थानमा फाल्न नसकिने फोहोर पृष्ठ 8
माएबाशी शहरले लिन नसक्ने फोहोर पृष्ठ 9
घरायसी कम्प्युटर व्यवस्थापन गर्ने तरिका पृष्ठ 10
मुल्यवान वस्तुहरू सामूहिक सङ्कलन पृष्ठ 10
पुनःप्रयोग योग्य वस्तुहरुको सङ्कलन केन्द्र पृष्ठ 10
सङ्कलन स्थानको सूची पृष्ठ 11
फोहोर छुट्याउने तरिका जापानी वर्णमालाको क्रममा पृष्ठ 12-14
विज्ञापन पृष्ठ 15
कोन्निचिवा सङ्कलन पृष्ठ 16
फोहोर छुट्याउने एप वितरण पृष्ठ 16
फोहोर डिस्पोजल प्लान्टको जानकारी पृष्ठ 16

# 3 पुनःप्रशोधन योग्य फोहोर, खतरनाक / हानिकारक फोहोर फाल्ने तरिका(फोहोर सङ्कलन स्थानमा फाल्न सकिने फोहोर)

## पुनःप्रशोधन योग्य फोहोर

### काँचको बोतल

जुस, बियर, रक्सी, ड्रिंक्स आदि पेय पदार्थ वा सिजनिङ, जाम र कफी जस्ता खाद्य पदार्थका काँचको बोतल, कस्मेटिक सामानको बोतलहरू




शहरद्वारा निर्धारित झोलामा नराख्नुहोस्, बोतलको रङ अनुसार कन्टेनरमा राख्नुहोस्।

- रङ बिनाको पारदर्शी बोतल सेतो कन्टेनरमा
- खैरो बोतल खैरो कन्टेनरमा
- अन्य रङका बोतलहरू नीलो कन्टेनरमा





· फुटेको वा धेरै फोहोर भएको बोतलहरू
· ताप प्रतिरोधी काँचले बनेको वा दुध रङको सेतो काँचबाट बनेको

→ **"जलाउन नसकिने फोहोर" को रूपमा फाल्नुहोस्**

· बिर्को निश्चित रूपमा निकाल्नुहोस् र प्लास्टिकबाट बनेका वस्तुहरूलाई "प्लास्टिक कन्टेनर", धातुका वस्तुहरूलाई "जलाउन नसकिने फोहोर," र कर्कहरूलाई "जलाउन सकिने फोहोर" को रूपमा फाल्नुहोस्।
· बोतलको भित्री भाग पानीले धुनुहोस् र यसलाई कन्टेनरमा सुताएर राख्नुहोस्।
· सेतो, खैरो वा निलो कन्टेनरमा बोतलहरू (प्लास्टिकको झोला आदि) बाहेक अरू केही नराख्नुहोस्।
· वियरका बोतलहरू र 1.8 लिटरका बोतलहरू जस्ता फिर्ता गर्न मिल्ने बोतलहरूलाई सकेसम्म खरिद गरेको ठाउँमा फर्काएर पुन: प्रयोग गरौं।

### खाली क्यान

जुस, बियर, ओच्या, खाजा, ओच्याको डिब्बा, क्यान फुड आदिको खाली डिब्बा




शहरद्वारा निर्धारित झोलामा राख्नुहोस्




· भित्री भागलाई पानीले धोएर फाल्नुहोस्।
· धेरै फोहोर वा खिया लागेका डिब्बाहरूलाई जलाउन नसकिने फोहोरको रूपमा फाल्नुहोस्।
· बिर्को अवश्य निकाल्नुहोस्।
(यदि बिर्को क्यान जस्तै सामान वस्तुबाट बनेको छ भने, कृपया यसलाई शहरद्वारा निर्धारित झोलामा क्यानसँगै राख्नुहोस्।)
· स्टील क्यान र अलमुनियम क्यानहरू सँगै फाल्न सकिन्छ।
· क्यानमा चुरोटको ठुटा वा इन्सुलिन सुई जस्ता नमिल्ने वस्तुहरू नराख्नुहोस्।

## PET बोतलहरू

पेय पदार्थ, मदिराजन्य पेय पदार्थ, सोया सस आदिका लागि PET बोतलहरू।



शहरद्वारा निर्धारित झोलामा राख्नुहोस्



❌ कृपया निम्न तरिकाले फोहोर नफाल्नुहोस्।

· मसिनो गरी काट्ने · बङ्ग्याउने · माथिबाट कुच्याउने







**बिर्को र लेबल**
**प्लास्टिक कन्टेनर हुन्**

PET **यस्तो चिन्ह भएको PET बोतलहरू मात्रै फाल्नुहोस्**

· भित्री भागलाई पानीले धोएर फाल्नुहोस्। धेरै फोहोर भएका वस्तुहरूलाई "जलाउन सकिने फोहोर" को रूपमा फाल्नुहोस्।

## खतरनाक / हानिकारक फोहोर

**घरेलु पुनःप्रशोधन योग्य वस्तु र फोहोर सङ्कलन क्यालेन्डरको "पुनःप्रशोधन योग्य वस्तुको दिन" मा फाल्न सक्नुहुन्छ (फुजिमी क्षेत्रमा "बोतलको दिन")**

### स्प्रे क्यान / क्यासेट ग्यास सिलिन्डर / लाइटर

**यसलाई "खतरनाक / हानिकारक फोहोर" को रूपमा फाल्न निश्चित गर्नुहोस् किनकि यसले विस्फोट वा आगो निम्त्याउन सक्छ।**



**पहेंलो कन्टेनरमा**



· पूर्ण रूपमा प्रयोग गरिसकेपछि यसलाई झोलामा नराखेर यत्तिकै फाल्नुहोस्। (प्वाल नपर्नुहोस्।)

· यदि भित्र सामग्री बाँकी छ भने, फाल्ने तरिका निर्माता वा (साधारण सामाजिक संस्था) जापान एरोसोल एसोसिएसन (03-5207-9850), क्यासेट ग्यास सिलिन्डरको लागि क्यासेट ग्यास सिलिन्डर ग्राहक केन्द्र (0120-14-9996) मा बुझ्नुहोस्।

· प्रोपेन ग्यास सिलिन्डर सङ्कलन गर्न गरिँदैन। (व्यवस्थापन विधिको लागि **पृष्ठ 9** हेर्नुहोस्।)

### सुख्खा ब्याट्रीहरू (म्यानानीज / अल्कालाइन ब्याट्रीहरू) / कोइन ब्याट्रीहरू (CR, BR) / मर्करी थर्मोमिटरहरू





**पहेंलो कन्टेनरमा**



· कृपया पारदर्शी झोलामा अलग-अलग गरेर फाल्नुहोस् ताकि सामग्रीहरू जाँच गर्न सकियोस्। (यो शहरद्वारा निर्धारित झोलामा नभए पनि फरक पर्दैन।)

**· साना रिचार्जेबल ब्याट्रीहरू (लिथियम-आयन ब्याट्री आदि) रिसाइकलिङ सहकार्य पसलहरू (इलेक्ट्रोनिक्स पसलहरू आदि) मा राखिएको सङ्कलन बक्समा फाल्नुहोस्।**

**· बटन ब्याट्रीहरू (SR, PR, LR), बटन ब्याट्री सङ्कलन सहकार्य पसलहरूमा राखिएको सङ्कलन बक्समा फाल्नुहोस्।**

### फ्लोरोसेन्ट ट्यूब (बत्ती)





**पहेंलो कन्टेनरमा**



· थिचिन नदिनको लागि यसलाई खरिद गर्दाको बक्स वा पुरानो अखबार जस्ता कागजमा बेरेर राख्नुहोस्।

· LED बत्ती र फिलामेन्ट बत्तीहरू "जलाउन नसकिने फोहोर" को दिनमा फाल्नुहोस्।

· यदि लामो फ्लोरोसेन्ट ट्यूब पहेंलो कन्टेनरमा अटाएन भने, यसलाई कन्टेनरको छेउमा राख्नुहोस्।



कागज, लुगाहरु आदि। पृष्ठ 2
प्लास्टिक कन्टेनर पृष्ठ 3
पुनःप्रशोधन योग्य फोहोर खतरनाक / हानिकारक फोहोर पृष्ठ 4-5
जलाउन सकिने फोहोर पृष्ठ 6
जलाउन नसकिने फोहोर पृष्ठ 7
फोहोर सङ्कलन स्थानमा फाल्न नसकिने फोहोर पृष्ठ 8
माएबाशी शहरले लिन नसक्ने फोहोर पृष्ठ 9
घरायसी कम्प्युटर व्यवस्थापन गर्ने तरिका पृष्ठ 10
मुल्यवान वस्तुहरू सामूहिक सङ्कलन पृष्ठ 10
पुनःप्रयोग योग्य वस्तुहरूको सङ्कलन केन्द्र पृष्ठ 10
सङ्कलन स्थानको सूची पृष्ठ 11
फोहोर छुट्याउने तरिका जापानी वर्णमालाको क्रममा पृष्ठ 12-14
विज्ञापन पृष्ठ 15
कोन्निचिवा सङ्कलन पृष्ठ 16
फोहोर छुट्याउने एप वितरण पृष्ठ 16
फोहोर डिस्पोजल प्लान्टको जानकारी पृष्ठ 16

कागज, लुगाहरु आदि। पृष्ठ 2
प्लास्टिक कन्टेनर पृष्ठ 3
पुनःप्रशोधन योग्य फोहोर
खतरनाक / हानिकारक फोहोर पृष्ठ 4-5
जलाउन सकिने फोहोर पृष्ठ 6
जलाउन नसकिने फोहोर पृष्ठ 7
फोहोर सङ्कलन स्थानमा फाल्न नसकिने फोहोर पृष्ठ 8
माएबाशी शहरले लिन नसक्ने फोहोर पृष्ठ 9
घरायसी कम्प्युटर व्यवस्थापन गर्ने तरिका पृष्ठ 10
मुल्यवान वस्तुहरू सामूहिक सङ्कलन पृष्ठ 10
पुनःप्रयोग योग्य वस्तुहरुको सङ्कलन केन्द्र पृष्ठ 10
सङ्कलन स्थानको सूची पृष्ठ 11
फोहोर छुट्याउने तरिका जापानी वर्णमालाको क्रममा पृष्ठ 12-14
विज्ञापन पृष्ठ 15
कोन्निचिवा सङ्कलन पृष्ठ 16
फोहोर छुट्याउने एप वितरण पृष्ठ 16
फोहोर डिस्पोजल प्लान्टको जानकारी पृष्ठ 16

# 4 जलाउन सकिने फोहोर फाल्ने तरिका (फोहोर सङ्कलन स्थानमा फाल्न सकिने फोहोर)



शहरद्वारा निर्धारित झोलामा राख्नुहोस्

## जलाउन सकिने फोहोर (जलाउने र ल्यान्डफिल गर्ने)

**जलाउन सकिने फोहोरमा धेरै पुनःप्रशोधन जन्य वस्तु मिसाइएको हुन्छ।**
**कृपया कागज / लुगाहरु, प्लास्टिक कन्टेनरहरू छुटयाउन सहयोग गर्नुहोस्।**


प्लास्टिक कन्टेनर बाहेक अन्य प्लास्टिकका वस्तुहरू


पेपर डायपर
फोहोर हटाउनुहोस्


सिरक डसना, कुशन
शहरद्वारा निर्धारित झोलामा नअट्ने वस्तुहरू "अत्यधिक ठूलो फोहोर" → **पृष्ठ 8**


रबरका वस्तुहरू


सानो प्वालमा खोलेर थिच्नुहोस्

### फाल्ने तरिकाको बुँदाहरू

◆ **यसलाई फाल्नु अघि निचोरेर पानी निकालौं**

कुहिने फोहोरलाई सिङ्कमा नराख्ने आदि गरेर यसलाई भिज्न नदिनु महत्वपूर्ण हुन्छ।

कुहिने फोहोरलाई एकचोटी निचोर्दा त्यसको तौल 10 प्रतिशत कम गर्न सकिने बताइन्छ ।

कुहिने फोहोर




बिरुवाहरू

रूखका हाँगाहरू, एक पटकमा 2 बन्डल सम्म

※ यसलाई बाँधेर यत्तिकै फाल्न सकिन्छ।

※ 3 बन्डल भन्दा बढी छन् भने, रोक्कु फोहोर डिस्पोजल प्लान्ट वा ओगिकुबो फोहोर डिस्पोजल प्लान्टमा आफै लैजानुहोस्।

※ मोटाई 4 सेन्टिमिटर र लम्बाइ 50 सेन्टिमिटर भन्दा बढी रहेका वस्तुहरूको लागि एक विशेष व्यवस्थापन व्यवसायमा सम्पर्क गर्नुहोस्।

## सही फाल्ने तरिका

### ◆ "पुनःप्रशोधन योग्य वस्तु" हरू राम्रोसँग छुट्याऔं

कागज, लुगाहरु आदि → **पृष्ठ 2**



राम्रोसँग छुट्याउँदा पुन: प्रयोग गर्न मिल्ने कागज र लुगाहरूले जलाउन सकिने फोहोरको लगभग 14% हिस्सा ओगटेको हुन्छ। **नोट पेपरहरू र भरिएका खेलौनाहरू पनि महत्वपूर्ण पुनःप्रशोधन योग्य वस्तु हुन्।**

प्लास्टिक कन्टेनर → **पृष्ठ 3**



जलाउन सकिने फोहोरको रूपमा फालिने लगभग 80% प्लास्टिक पुन: प्रयोग गर्न मिल्ने प्लास्टिक कन्टेनरहरू हुन्। **पानीले हल्का पखाले मात्रै पनि हुने भएकोले यसलाई राम्ररी छुट्याऔं।**

### ◆ घरबाट निस्कने प्रयोग भइसकेको खाना पकाउने तेल पनि एक पुनःप्रशोधन योग्य वस्तु हो

प्रयोग भइसकेको खाना पकाउने तेल → **पृष्ठ 10, 11**



शाखा कार्यालय र नागरिक सेवा केन्द्रमा सङ्कलन बक्स राखेर घरबाट निस्कने प्रयोग भइसकेको खाना पकाउने तेल सङ्कलन गर्छौं । सङ्कलन गरिएको प्रयोग भइसकेको खाना पकाउने तेल बेचेर इन्धनको रूपमा पुन: प्रयोग गरिन्छ।

[फाल्ने तरिका]　2 लिटर वा सोभन्दा कमको PET बोतलमा राख्नुहोस्, बिर्को बन्द गरेर फाल्नुहोस्।
प्रयोग नगरिएको तेललाई यसको किन्ने बेलाकै कन्टेनरमा फाल्नुहोस्। (क्यान वा काँचका बोतलमा भएको तेल प्रयोग नगरिएको भए पनि PET बोतलहरूमा पुन: भर्नुहोस्।)

### ◆ ज्वलनशील वस्तुहरू पहिले पानीमा भिजाउनुहोस्

पटाका, सलाई, चुरोट



पटाका (प्रयोग नगरिएकाहरू प्याकेजबाट निकाल्नुहोस्), सलाई, चुरोट र अन्य ज्वलनशील वस्तुहरू पानीमा राम्ररी भिजाएर ओसिलो अवस्थामा "जलाउन सकिने फोहोर" को दिनमा फाल्नुपर्छ।

### ◆ कुहिने फोहोर व्यवस्थापन गर्ने मेसिन खरिद गर्न अनुदानको व्यवस्था छ।

खरिद मूल्यको एक अंश अनुदानमा दिनेछौं त्यसैले यदि तपाईं खरिद गर्ने विचार गर्दै हुनुहुन्छ भने, कृपया खरिद गर्नु अघि हामीसँग परामर्श गर्नुहोस्।

# 5 जलाउन नसकिने फोहोर फाल्ने तरिका (फोहोर सङ्कलन स्थानमा फाल्न सकिने फोहोर)

## जलाउन नसकिने फोहोर (जलाउन नसकिने / नमिल्ने फोहोर)



शहरद्वारा निर्धारित झोलामा राख्नुहोस्



**फुटेको वा फोहोर बोतलहरू औषधिको बोतल**

खाना र पेय पदार्थ भएका बोतलहरू "पुन:प्रशोधन योग्य फोहोर" हुन्

→ पृष्ठ 4



**काँचहरू**



**सेरामिकहरू**

टुटेफुटेकाहरू फाल्नु अघि कागज वा पुरानो कपडामा बेर्नुहोस्



**चक्कु / कैंची / रेजर ब्लेड**

यसलाई फाल्नु अघि काट्ने भागलाई कागजमा बेर्नुहोस्



**फिलामेन्ट बल्ब / एलईडी**

फ्लोरोसेन्ट ट्यूबहरू "खतरनाक / हानिकारक फोहोर" को रूपमा वर्गीकृत छन् → **पृष्ठ 5**



**छाता**

बाँधेर यत्तिकै फाल्न सकिन्छ



**खाना पकाउने भाँडाहरू**




**धातु युक्त सामानहरू**

इन्धन र ब्याट्रीहरू निकालेको निश्चित गर्नुहोस् र ब्याट्रीहरूलाई "खतरनाक / हानिकारक फोहोर" को रूपमा फाल्नुहोस् → **पृष्ठ 5**

शहरद्वारा निर्धारित झोलाहरूमा नअट्ने धेरै ठूला वस्तुहरूलाई अत्यधिक ठूलो फोहोरको रूपमा वर्गीकृत गरिन्छ → **पृष्ठ 8**

◆ कृपया प्रयोग गरिएका साना घरेलु विद्युतिय उपकरणहरू सङ्कलन बक्समा फालेर सहयोग गर्नुहोस् → **पृष्ठ 10 र 11**
बिजुली र ब्याट्री प्रयोग गरिएका साना घरेलु विद्युतिय उपकरणहरूको रिसाइकल गर्छौं।
हामीले शाखा कार्यालय र नागरिक सेवा केन्द्रहरूमा प्रयोग गरिएका साना घरेलु विद्युतिय उपकरणहरू सङ्कलन बक्सहरू राखेका छौं, त्यसैले कृपया तिनीहरूलाई प्रयोग गर्नुहोस्।

## सावधान



· स्प्रे क्यान, क्यासेट ग्यास सिलिन्डर र लाइटरहरू "खतरनाक / हानिकारक फोहोर" हुन् → **पृष्ठ 5**

**जलाउन सकिने फोहोरको दिनमा गल्तीले फालिएका स्प्रे क्यान, क्यासेट ग्यास सिलिन्डर, र लाइटरहरू फोहोर सङ्कलन सवारी साधनमा आगलागीको कारण बन्ने भएकोले धेरै खतरनाक हुन्छ।**

प्रयोग गरिसकेपछि यसलाई "पुनः प्रशोधन योग्य वस्तु" (फुजिमी क्षेत्रमा "बोतलको दिन") मा पहेंलो कन्टेनरमा राखेर फाल्नुहोस्।



· चार प्रकारका घरायसी उपकरणहरू (1) एसी, (2) टिभी, (3) फ्रिज / फ्रिजर, (4) वाशिङ मेसिन / लुगा ड्रायर र कम्प्युटरहरू फोहोर सङ्कलन स्थान वा अत्यधिक ठूलो फोहोरको सामूहिक सङ्कलन स्थानमा फाल्न पाइने छैन। **पृष्ठ 9 र 10**

· साना रिचार्जेबल ब्याट्रीहरू (लिथियम-आयन ब्याट्री आदि) आगलागीको कारण बन्न सक्छन्।
तिनीहरूलाई रिसाइक्लिङ सहकार्य पसल (इलेक्ट्रोनिक्स पसल आदि) मा राखिएको सङ्कलन बक्समा फाल्नुहोस्।


कागज, लुगाहरु आदि। पृष्ठ 2
प्लास्टिक कन्टेनर पृष्ठ 3
पुन:प्रशोधन योग्य फोहोर खतरनाक / हानिकारक फोहोर पृष्ठ 4-5
जलाउन सकिने फोहोर पृष्ठ 6
जलाउन नसकिने फोहोर पृष्ठ 7
फोहोर सङ्कलन स्थानमा फाल्न नसकिने फोहोर पृष्ठ 8
माएबाशी शहरले लिन नसक्ने फोहोर पृष्ठ 9
घरायसी कम्प्युटर व्यवस्थापन गर्ने तरिका पृष्ठ 10
मुल्यवान वस्तुहरू सामूहिक सङ्कलन पृष्ठ 10
पुन:प्रयोग योग्य वस्तुहरुको सङ्कलन केन्द्र पृष्ठ 10
सङ्कलन स्थानको सूची पृष्ठ 11
फोहोर छुट्ट्याउने तरिका जापानी वर्णमालाको क्रममा पृष्ठ 12-14
विज्ञापन पृष्ठ 15
कोन्रिचिवा सङ्कलन पृष्ठ 16
फोहोर छुट्ट्याउने एप वितरण पृष्ठ 16
फोहोर डिस्पोजल प्लान्टको जानकारी पृष्ठ 16

कागज, लुगाहरु आदि। पृष्ठ 2
प्लास्टिक कन्टेनर पृष्ठ 3
पुन:प्रशोधन योग्य फोहोर खतरनाक / हानिकारक फोहोर पृष्ठ 4-5
जलाउन सकिने फोहोर पृष्ठ 6
जलाउन नसकिने फोहोर पृष्ठ 7
फोहोर सङ्कलन स्थानमा फाल्न नसकिने फोहोर पृष्ठ 8
माएबाशी शहरले लिन नसक्ने फोहोर पृष्ठ 9
घरायसी कम्प्युटर व्यवस्थापन गर्ने तरिका पृष्ठ 10
मुल्यवान वस्तुहरू सामूहिक सङ्कलन पृष्ठ 10
पुन:प्रयोग योग्य वस्तुहरुको सङ्कलन केन्द्र पृष्ठ 10
सङ्कलन स्थानको सूची पृष्ठ 11
फोहोर छुट्याउने तरिका जापानी वर्णमालाको क्रममा पृष्ठ 12-14
विज्ञापन पृष्ठ 15
कोन्रिचिवा सङ्कलन पृष्ठ 16
फोहोर छुट्याउने एप वितरण पृष्ठ 16
फोहोर डिस्पोजल प्लान्टको जानकारी पृष्ठ 16

# 6 फोहोर सङ्कलन स्थानमा फाल्न नसकिने फोहोर

## अत्यधिक ठूलो फोहोर (शहरद्वारा निर्धारित झोला (ठूलो:45 लि.) मा नअट्ने फोहोर )

### साइकल, बेड, दराज, डेस्क, सिरक डसना, लुगाको केस, गलैंचा, आदि



· शहरद्वारा निर्धारित झोलाहरूमा अट्ने वस्तुहरू त्यसको कच्चा पदार्थको आधारमा "जलाउन सकिने फोहोर" वा "जलाउन नसकिने फोहोर" को रूपमा फाल्नुपर्छ।
· कृपया साइकलको अपराध नियन्त्रण दर्ता रद्द गर्नुहोस्। (तपाईंले सामान खरिद गर्नुभएको पसलमा प्रक्रिया पुरा गर्नुहोस्।)
· चार प्रकारका घरायसी विद्युतीय उपकरणहरू (1) एसी, 2) टिभी, 3) फ्रिज / फ्रिजर, 4) वाशिङ मेसिन / लुगा ड्रायर र फ्रीओन ग्यास भएका उपकरण र कम्प्युटरहरू फाल्न मिल्दैन।

यिनीहरूको व्यवस्थापन विधिहरू **पृष्ठ 9 र 10** मा हेर्नुहोस्।
· फ्यान हिटर र मट्टितेलको चुलोबाट इन्धन र ब्याट्रीहरू हटाएको निश्चित गर्नुहोस्।
· कृपया चुम्बकीय गद्दाबाट चुम्बक हटाउनुहोस्।

### व्यवस्थापन गर्ने तरिका

**1 स्थानीय बासिन्दा संघको तहमा गरिने अत्यधिक ठूलो फोहोर सामूहिक सङ्कलनका लागि पठाउनुहोस्।**
※वर्षमा एक पटक (नगर्ने स्थानीय बासिन्दा संघ पनि छन्)
※कृपया स्थानीय बासिन्दा संघबाट सर्कुलेशन बोर्डमा तालिका र अन्य जानकारी हेर्नुहोस्।
※कृपया फोहोर सङ्कलन शाखा (फोन 027-253-1009) मा सम्पर्क गर्नुहोस्।

**2 घरधुरीले अलग अलग सङ्कलनको लागि आवेदन दिनुहोस्।**
बुकिङ गर्ने स्थान: फोहोर सङ्कलन शाखा फोन 027-253-1009
※एक पटकमा 3 वटा सम्म (नि:शुल्क)
※अघिल्लो सङ्कलनबाट दुई महिना बितिसके पछि तपाईंले पुन: दर्ता गर्न सक्नुहुन्छ।

**3 फोहोर डिस्पोजल प्लान्टमा आफैले ढुवानी गर्ने।**
ढुवानी गन्तव्य: ओगिकुबो फोहोर डिस्पोजल प्लान्ट (677 ओगिकुबो- माची) फोन 027-269-0621
फुजिमी क्लीन स्टेशन (फुजिमी-माची, इशीइ 1873-2) फोन 027-230-5300
※कृपया ढुवानी गर्नु अघि टेलिफोन मार्फत प्लान्टलाई अग्रिम सम्पर्क गर्नुहोस्। (खुल्ने समय र अवस्थिति नक्साको लागि पृष्ठ 16 हेर्नुहोस्)
*प्रति दिन 200 केजी वा सोभन्दा कमको लागि नि:शुल्क र 200 केजी भन्दा बढी भएको भागको लागि शुल्क लगाइन्छ। (प्रति 10 केजी 180 येन)

## अस्थायी रूपमा ठूलो मात्राको फोहोर (घर सर्दा वा घरको ठूलो सरसफाइ गर्दा एक पटकमा 20 केजी वा सोभन्दा बढी फोहोर फाल्दाको अवस्था)

यदि तपाईंले एक पटकको लागि 20 केजी भन्दा बढी फोहोर फाल्नुहुन्छ भने, यसलाई "अस्थायी रूपमा ठूलो मात्राको फोहोर" को रूपमा वर्गीकृत गरिनेछ र फोहोर सङ्कलन स्थानमा फाल्न सकिँदैन। कृपया शहरको फोहोर डिस्पोजल प्लान्टमा आफै लैजानुहोस्।
ठूलो मात्रामा कागज, लुगाहरु आदि फाल्नु पर्दा, कृपया "मूल्यवान वस्तुहरूको सामूहिक सङ्कलन" र "रिसाइकल गोदाम" प्रयोग गर्नुहोस्। (पृष्ठ 10, 11 )

### व्यवस्थापन गर्ने तरिका

| | | |
|---|---|---|
| जलाउन सकिने फोहोर / काटिएका हाँगाहरू | रोक्कु फोहोर डिस्पोजल प्लान्ट (Rokku-machi 3-1-14) | फोन 027-224-0130 |
| जलाउन नसकिने फोहोर, अत्यधिक ठूलो फोहोर, खाली क्यान<br>खतरनाक / हानिकारक फोहोर<br>*प्लास्टिक कन्टेनर *काँचको बोतल<br>*PET बोतलहरू *काटिएका हाँगाहरू | ओगिकुबो फोहोर डिस्पोजल प्लान्ट (Ogikubo-machi 677)<br>* चिन्ह लगाइएको ओगिकबोमा मात्र | फोन 027-269-0621 |
| | फुजिमी क्लीन स्टेशन (Fujimi-machi ishii 1873-2) | फोन 027-230-5300 |

※कृपया ढुवानी गर्नु अघि टेलिफोन मार्फत प्लान्टलाई अग्रिम सम्पर्क गर्नुहोस्। (खुल्ने समय र अवस्थिति नक्साको लागि पृष्ठ 16 हेर्नुहोस्)
*प्रति दिन 200 केजी वा सोभन्दा कमको लागि नि:शुल्क र 200 केजी भन्दा बढी भएको भागको लागि शुल्क लगाइन्छ। (प्रति 10 केजी 180 येन)

यदि तपाईंले माथिका तरिकाले "अत्यधिक ठूलो फोहोर" वा "अस्थायी रूपमा ठूलो मात्रामा फोहोर" फाल्न सक्नुहुन्न भने कृपया शहरबाट इजाजतपत्र प्राप्त सामान्य फोहोर सङ्कलन र ढुवानी कम्पनीलाई अनुरोध गर्नुहोस् (सशुल्क)।
※शहरले अनुमति दिएको सामान्य फोहोर सङ्कलन र ढुवानी कम्पनीहरूको सूचीको लागि शहरको वेबसाइटमा हेर्नुहोस्।

## साना जनावरहरूको शव (घरेलु कुकुर, बिरालो, खरायो, चरा आदि) सशुल्क

※बन्द रहने दिन: शनिबार, आइतबार, राष्ट्रिय बिदा (सोमबार र मंगलबार बाहेक), र वर्षको अन्त्य र नयाँ वर्षको बिदा।
※ कपडा वा पोलिथिन सिटमा बेर्नुहोस् वा कार्टुन बक्समा राख्नुहोस्।   ※ अस्थिहरू हस्तान्तरण गर्न सकिनेछैन।
※यदि भूस्याहा बिरालो आदिको शव देख्नुभयो भने, कृपया फोहोर सङ्कलन शाखा (फोन 027-253-1009) मा जानकारी दिनुहोस्।
बिदाको दिनहरूमा सिटी हल ड्युटी रुम (027-224-1111) मा सम्पर्क गर्नुहोस्।

**1 स्वयम् ढुवानी: रोक्कु फोहोर डिस्पोजल प्लान्ट (Rokku-machi 3-1-14) फोन: 027-224-0130 व्यवस्थापन शुल्क: 1,050 येन प्रति शव**
※कृपया ढुवानी गरेर ल्याउँदा हामीलाई अग्रिम फोन मार्फत सम्पर्क गर्नुहोस्। (खुल्ने समय र अवस्थिति नक्साको लागिपृष्ठ 16हेर्नुहोस्)

**2 घरधुरीले अलग सङ्कलनको लागि अनुरोध गर्न फोहोर सङ्कलन शाखा फोन: 027-253-1009 व्यवस्थापन शुल्क: 2,120 येन प्रति शव**

# 7 माएबाशी शहरले स्वीकार गर्न नसक्ने फोहोर

## फोहोर सङ्कलन स्थानहरूमा विसर्जन गर्न वा फोहोर डिस्पोजल प्लान्टमा ढुवानी गर्न नसकिने फोहोर

### प्रोपेन ग्यास सिलिन्डर



कृपया तपाईंले किनेको वा बिक्रीगर्ने पसललाई यसलाई सङ्कलनको लागि अनुरोध गर्नुहोस् वा तलको संस्थालाई सम्पर्क गर्नुहोस् र यसलाई आफैले ढुवानी गर्नुहोस्।
※गुन्मा प्रान्त एलपी ग्यास संगठन माएबाशी शाखा (कमिइजुमि-माची 172-2 ) फोन: 027-233-6599

### फाएर एस्टिङ्गुइसर (आगो निभाउने)



शहरको फाएर एस्टिङ्गुइसर रिसाइक्लिङ् विशेष डेस्कमा ल्याउनुहोस् वा सङ्कलन गर्न अनुरोध गर्नुहोस्। (सशुल्क)
※विस्तृत जानकारीको लागि कृपया फाएर एस्टिङ्गुइसर रिसाइक्लिङ् प्रवर्द्धन केन्द्र (फोन:03-5829-6773) मा सम्पर्क गर्नुहोस्।
वा शहरको वेबसाइट हेर्नुहोस् अथवा फोहोर न्यूनीकरण शाखामा (फोन 027-898-6272)
सम्पर्क गर्नुहोस्।

### निर्माण बाट निस्कने फोहोर, कंक्रीट, माटो र बालुवा, ब्लक, इट्टा, टाइल्स आदि



आफ्नो बिक्रेता वा विशेष व्यवस्थापन कम्पनीलाई अनुरोध गर्नुहोस्।
※शहरले अनुमति दिएको सामान्य फोहोर सङ्कलन र ढुवानी कम्पनीहरूको सूचीको लागि शहरको वेबसाइटमा हेर्नुहोस्।
※यदि स्व-मर्मतको कारणले मात्रा सानो छ भने, ओगीकुबो फोहोर डिस्पोजल प्लान्ट (Ogikubo-machi 677, फोन 027-269-0621) वा फुजिमी क्लीन स्टेशन (Fujimi-machi ishii 1873-2, फोन 027-230-5300)मा ढुवानी गर्न सकिने हुनसक्छ।
विस्तृत जानकारीको लागि ढुवानी गरेर लगिने प्लान्टमा सोधपुछ गर्नुहोस्।

### टायर, गाडीका पार्टपुर्जा, ब्याट्री, कृषि उपकरण, पियानो, रसायनहरू (जस्तै कृषि रसायन, शक्तिशाली विषादी र खतरनाक पदार्थहरू भएका)



आफ्नो बिक्रेता वा विशेष व्यवस्थापन कम्पनीलाई अनुरोध गर्नुहोस्।
※शहरले अनुमति दिएको सामान्य फोहोर सङ्कलन र ढुवानी कम्पनीहरूको सूचीको लागि शहरको वेबसाइटमा हेर्नुहोस्।

### औद्योगिक फोहोर

व्यावसायिक गतिविधिहरूबाट उत्पन्न आधा-जलेको दाउरा, हिलो / लेदो, फोहोर तेल, फोहोर प्लास्टिक, धातुका टुक्रा, काँचका टुक्रा, डेब्रिस आदि कानुनले तोकेका 20 प्रकारका वस्तुहरू
※विस्तृत जानकारीका लागि शहरको फोहोर व्यवस्थापन शाखा (फोन 027-898-5953) मा सम्पर्क गर्नुहोस्।

### 4 प्रकारका घरेलु विद्युतिय उपकरण 1) एसी 2) टिभी 3) फ्रिज/फ्रिजर 4) वासिङ मेसिन / लुगा ड्रायर



घरेलु विद्युतिय उपकरण रिसाइकलिङ कानुन अनुसार, निर्माताले तिनीहरूलाई सङ्कलन र पुनःप्रशोधन गर्दछ। यसलाई टुक्र्याए पनि शहरले लिने छैन।

1 पसललाई अनुरोध गर्नुहोस् (रिसाइकल शुल्क र ढुवानी शुल्क लाग्ने छ)
※तपाईंले खरिद गर्नुभएको पसलमा वा नयाँ किन्ने समयमा सङ्कलन गर्न अनुरोध गर्नुहोस्।
2 फोहोर सङ्कलन र ढुवानी कम्पनी (शहरबाट इजाजतपत्र प्राप्त कम्पनी) लाई अनुरोध गर्नुहोस् (रिसाइकल शुल्क र ढुवानी शुल्क लाग्ने छ)
※रिसाइकल शुल्क हुलाक कार्यालयमा अग्रिम भुक्तानी गर्नुहोस्।
※शहरले अनुमति दिएको सामान्य फोहोर सङ्कलन र ढुवानी कम्पनीहरूको सूचीको लागि शहरको वेबसाइटमा हेर्नुहोस्।
3 आफैले तोकिएको सङ्कलन स्थानमा ल्याउनुहोस् (रिसाइकलिङ शुल्क लाग्ने)
※रिसाइकल शुल्क हुलाक कार्यालयमा अग्रिम भुक्तानी गर्नुहोस्।
◎ तोकिएको सङ्कलन स्थानहरू (खुल्ने समय आदिको लागि प्रत्येक सङ्कलन स्थानमा सोधपुछ गर्नुहोस्।)
फुजिता स्योतेन कम्पनी लिमिटेड (Sakaino-cho 7-1813-57,Kiryu City) फोन 0277-43-5283
उबुकाता सिगेन् कम्पनी लिमिटेड ताकासाकी (Shokanji-machi1175,Takasaki City) फोन 027-372-1110
सान्क्यो ट्रान्सपोर्ट कम्पनी लिमिटेड याबूचुका गोदाम (Oobara-cho 2260,Ota City) फोन 0277-78-7559
उबुकाता सिगेन् कम्पनी लिमिटेड नुमाता इन्टरचेन्ज कार्यालय (Yokozuka-machi 85-1,Numata City) फोन 0278-22-5555
नीचुउ गुन्मा ढुवानी कम्पनी लिमिटेड ताकासाकी ह्यान्डलिंग कार्यालय (Tamamura-machi,Yawatabara1988-1)फोन 0270-61-7207

### मोटरसाइकल जस्ता दुई पाङ्ग्रे सवारी साधन



फालिने मोटरसाइकलको लागि डिलरलाई अनुरोध गर्नुहोस्।
※विस्तृत जानकारीको लागि मोटरसाइकल रिसाइकलिङ कल सेन्टर (फोन 050-3000-0727) मा सम्पर्क गर्नुहोस्।

### फ्रीअन ग्यास भएका सामानहरू (वाटर सर्भर, डिह्युमिडिफायर, कूलर आदि)।

फ्रीअन ग्यास सङ्कलन कम्पनीलाई अनुरोध गर्नुहोस्।
※हिसामाचु स्योजी कम्पनी लिमिटेड (Kitashirota-machi 691, Maebashi city) फोन 027-231-8225

(नोट) हामी माथिका बाहेक अन्य वस्तुहरू पनि पदार्थ र मात्राका आधारमा व्यवस्थापन गर्न सक्षम नहुन सक्छौं।



कागज, लुगाहरु आदि। पृष्ठ 2
प्लास्टिक कन्टेनर पृष्ठ 3
पुनःप्रशोधन योग्य फोहोर खतरनाक / हानिकारक फोहोर पृष्ठ 4-5
जलाउन सकिने फोहोर पृष्ठ 6
जलाउन नसकिने फोहोर पृष्ठ 7
फोहोर सङ्कलन स्थानमा फाल्न नसकिने फोहोर पृष्ठ 8
माएबाशी शहरले लिन नसक्ने फोहोर पृष्ठ 9
घरायसी कम्प्युटर व्यवस्थापन गर्ने तरिका पृष्ठ 10
मुल्यवान वस्तुहरू सामूहिक सङ्कलन पृष्ठ 10
पुनःप्रयोग योग्य वस्तुहरूको सङ्कलन केन्द्र पृष्ठ 10
सङ्कलन स्थानको सूची पृष्ठ 11
फोहोर छुट्याउने तरिका जापानी वर्णमालाको क्रममा पृष्ठ 12-14
विज्ञापन पृष्ठ 15
कोन्निचिवा सङ्कलन पृष्ठ 16
फोहोर छुट्याउने एप वितरण पृष्ठ 16
फोहोर डिस्पोजल प्लान्टको जानकारी पृष्ठ 16

कागज, लुगाहरु आदि। पृष्ठ 2

प्लास्टिक कन्टेनर पृष्ठ 3

पुन:प्रशोधन योग्य फोहोर खतरनाक / हानिकारक फोहोर पृष्ठ 4-5

जलाउन सकिने फोहोर पृष्ठ 6

जलाउन नसकिने फोहोर पृष्ठ 7

फोहोर सङ्कलन स्थानमा फाल्न नसकिने फोहोर पृष्ठ 8

माएबाशी शहरले लिन नसक्ने फोहोर पृष्ठ 9

घरायसी कम्प्युटर व्यवस्थापन गर्ने तरिका पृष्ठ 10

मुल्यवान वस्तुहरू सामूहिक सङ्कलन पृष्ठ 10

पुन:प्रयोग योग्य वस्तुहरुको सङ्कलन केन्द्र पृष्ठ 10
सङ्कलन स्थानको सूची पृष्ठ 11

फोहोर छुट्याउने तरिका जापानी वर्णमालाको क्रममा पृष्ठ 12-14

विज्ञापन पृष्ठ 15

कोन्निचिवा सङ्कलन पृष्ठ 16

फोहोर छुट्याउने एप वितरण पृष्ठ 16

फोहोर डिस्पोजल प्लान्टको जानकारी पृष्ठ 16


# 8 घरायसी कम्प्युटरको व्यवस्थापन गर्ने तरिका



### 1 प्रयोग गरिएका साना घरायसी विद्युतीय उपकरण सङ्कलन बक्समा फाल्नुहोस्।

बक्सको खसाल्ने स्लटको आकार लम्बाइ 15 सेमी x चौडाइ 30 सेमी हुन्छ।

※सङ्कलन बक्सको राखिएको स्थानको लागि अर्को पृष्ठ हेर्नुहोस्।

※ **कृपया फाल्नु अघि व्यक्तिगत डाटा मेटाउनुहोस्।**

### 2 ओगीकुबो फोहोर डिस्पोजल प्लान्ट वा फुजिमी क्लीन स्टेशनमा पहिले नै फोन गरेर फोहोर ल्याउनुहोस्।

・ओगिकुबो फोहोर डिस्पोजल प्लान्ट (Ogikubo-machi 677) फोन 027-269-0621

・फुजिमी क्लीन स्टेशन (Fujimi-machi ishii 1873-2) फोन 027-230-5300

※**कृपया व्यक्तिगत डाटा मेटाउनुहोस्।**



पर्सनल कम्प्युटर रिसाइकलिङ चिन्ह

PC リサイクル

यो चिन्ह भएका पर्सनल कम्प्युटरहरूको रिसाइकल शुल्क लाग्दैन।

### 3 सङ्कलनको लागि निर्मातालाई आवेदन दिनुहोस्

※विस्तृत जानकारीहरूको लागि कृपया निर्मातालाई सम्पर्क गर्नुहोस्।

※यदि रिसेप्सन डेस्कबारे थाहा छैन भने कृपया निम्नमा सम्पर्क गर्नुहोस्।

**पर्सनल कम्प्युटर 3R प्रवर्द्धन संघ (फोन 03-5282-7685)**

### 4 रिनेट जापानमा सङ्कलनको लागि आवेदन दिनुहोस्

※विस्तृत जानकारीहरूको लागि कृपया रिनेट जापानलाई सम्पर्क गर्नुहोस्।

※https://www.renet.jp फोन 0570-085-800

रिनेट जापान होमपेज

# 9 कागज, लुगा आदिलाई मूल्यवान वस्तुहरूको सामूहिक सङ्कलनमा!

कागज, लुगा आदि स्थानीय मूल्यवान वस्तुहरूको सामूहिक सङ्कलन गतिविधि द्वारा पनि सङ्कलन गरिन्छ।
शहरबाट प्राप्त प्रोत्साहन रकमहरू स्थानीय गतिविधिहरूको लागि प्रयोग गरिन्छ त्यसैले तिनीहरूलाई सामूहिक सङ्कलनमा फाल्नुहोस्।
